

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कन्र्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क २७२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक ५ गते शनिबार ❑ 22 Oct. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## गठबन्धन राष्ट्रिय आवश्यकता : प्रधानमन्त्री

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ कार्तिक**

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले गठबन्धन राष्ट्रिय आवश्यकता भएको बताउनुभएको छ।



पाँच दलीय गठबन्धन गण्डकी प्रदेश समितिद्वारा पोखरामा आयोजित प्रदेशस्तरीय कार्यकर्ता भेलाको शुक्रबार पोखरामा उद्घाटन गर्दै उहाँले संविधानको रक्षा, स्थिरता र समृद्धिका लागि गठबन्धन भएको स्पष्ट पार्नुभयो । यो चुनावले संविधानको रक्षा, स्थिरतासँगै समावेशीतालाई अघि बढाउँदै राष्ट्रिय एकता स्थापित गर्ने बताउँदै उहाँले भन्नुभयो, "सबैको समावेशीता नै राष्ट्रिय एकता हुन्छ, राष्ट्रिय एकताबाट नै देश बलियो हुन्छ । यो सबैको प्रतिनिधित्व हुने व्यवस्था हो ।" प्रधानमन्त्रीले गठबन्धनले जित्नुपर्ने आवश्यकता छ भन्नुभयो । गठबन्धनमा कुनै बहानामा शङ्का उपशङ्का गराउन नहुने बताउँदै उहाँले बोली तथा व्यहारमा तिक्तता आउने काम कसैबाट पनि हुन नहुनेमा जोड दिनुभयो । वर्तमानमा कुनै पार्टीको बहुमत आउन नसक्ने भएकाले पार्टी मिल्नुपरेको उहाँको भनाइ थियो ।

गठबन्धनमा सबैको जीत भएको उल्लेख गर्दै उहाँले यसलाई कायम राख्दा सबैको अवसर आउने बताउनुभयो । निर्वाचनमा जाँदा सबै पार्टीमा कसैले टिकट पायो या कसैले नपायो त्यसमा प्रवाह नगरी लाग्न आग्रह गर्दै उहाँले गठबन्धनको सरकार बनेमा अन्य विभिन्न अवसर उपलब्ध हुने उल्लेख गर्नुभयो । नेपालमा विसं २००७ देखिका विभिन्न परिवर्तन हुँदै गणतन्त्र, समावेशी लोकतन्त्र जस्ता उपलब्धि हासिल भएको बताउँदै प्रधानमन्त्री देउवाले यहाँको समावेशी लोकतन्त्र अन्य राष्ट्रका लागि पनि चासो र अध्ययनको विषय बनेको बताउनुभयो । गण्डकी प्रदेशमा भव्यताका साथ नवौँ राष्ट्रिय खेलकुद सम्पन्न भएको र यसले यहाँको सम्भावनालाई पनि थप उजागर गरेको प्रधानमन्त्री देउवाले बताउनुभयो । कला, संस्कृतिलगायतका धेरै विविधता रहेको यस मुलुकको समृद्धि र विकास अबको आवश्यकता भएको बताउँदै उहाँले संविधानको रक्षा, राजनीतिक स्थिरता र समृद्धिका लागि गठबन्धनको जीत अपरिहार्य भएकामा जोड दिनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ' प्रचण्डले' निर्वाचनका लागि मात्र अहिलेको गठबन्धन नबनेको बताउनुभयो । संविधान, लोकतन्त्र र राष्ट्रको रक्षा गर्ने उद्देश्यले धेरै ठूलो मेहनतपछि बृहत्तर उद्देश्यका लागि गठबन्धन गरिएको उहाँले स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, "सत्ता प्राप्ति र निर्वाचन जित्नका लागि मात्र गठबन्धन बनेको होइन । बृहत्तर उद्देश्यका साथ सङ्घर्षको मैदानमा जन्मिएको गठबन्धन हो, स्थिरता, विकास र समृद्धिबाहेक यसको अर्को उद्देश्य छैन ।" उहाँले लामो सङ्घर्षपछि प्राप्त उलब्धिको रक्षाका लागि गठबन्धन अघि आएको बताउँदै सत्ताप्राप्तिका लागि मात्र हो कि भनेर सोच्न नहुने उल्लेख गर्नुभयो। जनताको जीवनस्तरमा परिवर्तन, संविधान रक्षाको सुनिश्चितता, निरङ्कुश प्रवृत्तिको अन्त्य र आर्थिक विकासको युग सुरु नहुँदासम्म गठबन्धन कायमै रहने उल्लेख गर्नुभयो । अध्यक्ष दाहालले गठबन्धनमा भएको सहमतिअनुसार उम्मेदवारलाई विजयी गराउने कार्यमा लाग्न सबै पार्टीका नेता कार्यकर्तालाई आग्रह गर्नुभयो । आगामी निर्वाचनले देश, संविधान र लोकतन्त्रले जित्ने कि हार्ने भन्ने कुराको निर्धारण गर्ने भन्दै दाहालले गठबन्धनका उम्मेदवारलाई जिताउन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "गठबन्धनको अर्को मित्रलाई भोट नहाल्नु मित्रप्रतिको घात हुन्छ । गठबन्धनका दलले इमानदारीपूर्वक एकअर्काको चिन्हमा भोट हाल्नुहोला ।"

नेकपा(एकीकृत समाजवादी) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले गण्डकी प्रदेशका गठबन्धनका उम्मेदवारलाई विजयी गराउने गरी लाग्न आग्रह गर्नुभयो । उहाँले गठबन्धन दल किन बनायौं भनेर जनतामाझ जाँदा बुझाउन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "विपक्षीले फैलाएको भ्रम चिर्ने गरी जनतामा जानुहोस्, गठबन्धन दलका नेता इमानदारीपूर्वक चुनावमा लागेर गठबन्धनका दललाई जिताउनुहोस् ।" अध्यक्ष नेपालले अहिलेको गठबन्धन स्वाभाविक र प्राकृतिक रहेको बताउँदै यही गठबन्धन नै


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## पोखरा-जोमसोम हवाई मार्गको मौसमको अवस्था जानकारी दिने क्यामेरा जडान

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ कार्तिक**

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-८ स्थित मोहरेडाँडामा पोखरा-जोमसोम हवाई मार्गको मौसमको अवस्थाबारे जानकारी दिने क्यामेरा जडान भएको छ ।

राष्ट्रिय आविष्कार केन्द्रले समुद्री सहतदेखि तीन हजार तीन सय मिटरको उचाइमा अवस्थित मोहरेडाँडामा क्यामेरा जडान गरेको हो । केन्द्रका अध्यक्ष महावीर पुनले पोखरा-जोमसोम हवाई मार्गमा बादल लागेको छ कि छैन भनेर पोखरा र जोमसोमको कन्ट्रोल टावरबाट नै हेर्न मिल्ने गरी क्यामेरा जडान गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार राष्ट्रिय आविष्कार केन्द्रका प्राविधिक टोलीले जडान गरेको क्यामेरा परीक्षणका क्रममा छ । 'तीन हजार तीन सय मिटर र दुई हजार तीन सय मिटर अग्लो डाँडामा क्यामेरा राखिएको छ', उहाँले भन्नुभयो, 'क्यामेराले हवाई मार्गमा पर्ने भूगोलमा खिच्ने ताजा दृश्य पोखरा र जोमसोमको कन्ट्रोल टावरबाट अवलोकन गर्न सकिन्छ ।' नेपाल नागरिक उड्डयन प्राधिकरणको अनुरोधमा क्यामेरा जडान गरिएको पुनले बताउनुभएको छ । क्यामेरा र कन्ट्रोल रुमलाई इन्टरनेटको लिङ्कबाट जोडिएको छ । चारैतिरको दृश्य हेर्न मिल्ने गरी क्यामेरा राखिएको ठाउँमा वर्ल्ड लिङ्क कम्युनिकेसनले निःशुल्क इन्टरनेट प्रदान गरेको छ ।

नागरिक उड्डयन प्राधिकरणको अनुरोधमा आविष्कार केन्द्रले देशका अरू पनि जोखिमपूर्ण ठाउँमा पनि यस्तै क्यामेरा राख्न अध्ययन गरिरहेको पुनले बताउनुभयो । पोखरा-जोमसोम हवाई मार्गमा पर्ने म्याग्दी खण्डको मौसमका बारेमा स्थानीयवासीलाई फोन गरेर जानकारी लिने गर्दछन् । यो मार्गमा पछिल्लो आठ वर्षको अवधिमा भएका दुईवटा हवाई दुर्घटनामा ४५ जनाको ज्यान गएको छ । गत जेठमा पोखराबाट जोमसोमका लागि उडेको तारा एयरको जहाज मुस्ताङको थासाङ गाउँपालिका-२ सानोसरेमा दुर्घटना हुँदा २२ जनाको मृत्यु भएको थियो ।

विसं २०७२ फागुन १२ गते पोखरादेखि जोमसोम जाँदै गरेको तारा एयरकै अर्को जहाँज म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ सोलीघोप्टेमा पहाडमा ठोक्किँदा २३ जनाको ज्यान गएको थियो । खोँचमा रहेको म्याग्दी खण्डको उडानका क्रममा टावरसँग सम्पर्क नहुने, मौसमको अवस्था छिनछिनमा परिवर्तन हुने र पूर्वजानकारी नहुँदा जोखिम थियो । जोखिम न्यूनीकरणका लागि मौसमको अवस्थाबारे जानकारी लिन क्यामेराले सहयोग गर्ने अपेक्षा गरिएको छ ।

## गुरुङको उम्मेदवारी खारेज

**रासस**
**काठमाडौं, ४ कार्तिक**

सर्वोच्च अदालतले रुपन्देही-२ का एकीकृत समाजवादीका उम्मेदवार राजु गुरुङको उम्मेदवारी खारेज गर्ने निर्णय सुनाएको छ ।

न्यायाधीश ईश्वरप्रसाद खतिवडा र कुमार रेग्मीको संयुक्त इजलासले यसअघि उम्मेदवारी खारेज गर्ने निर्णय कार्यान्वयन नगर्न दिएको अल्पकालीन अन्तरिम आदेश निरन्तरता नदिएपछि उम्मेदवारी खारेज हो ।

आदेशमा भनिएको छ, "कालोसूची कायम रहेको भन्ने देखियो, कालोसूचीमा नाम समावेश रहेकोसम्बन्धी



अयोग्यता निवेदक राजु गुरुङमा कायम रहेको देखिँदा निजले प्रतिनिधिसभा सदस्य पदको निर्वाचनमा उम्मेदवार हुन पाउने अवस्था देखिएन ।" उम्मेदवार गुरुङ कर्जा सूचना केन्द्रको २०७४ सालमा कालोसूचीमा रहेकाले प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवार हुन नपाउने अदालतले आदेश गरेको हो । रुपन्देही-२ का निर्वाचन अधिकृत उदवीर नेपालीले गुरुङको नाम कालोसूचीमा रहेको उल्लेख गर्दै उम्मेदवारी खारेज गर्ने निर्णय गरेको थियो । उक्त निर्णयविरुद्ध गुरुङले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो । अदालतले शुक्रबार दुवै पक्षको छलफलबाट गुरुङको उम्मेदवारी खारेज गर्ने निर्णय गरेको हो ।

सर्वोच्च अदालतको यो आदेशसँगै रुपन्देही-२ मा सत्तारुढ गठबन्धनको उम्मेदवारविना नै चुनावी प्रतिस्पर्धा हुने भएको छ । यसले एमाले उम्मेदवार एवं पूर्वअर्थमन्त्री विष्णु पौडेललाई सहज बनाएको छ । अब निर्वाचन आयोगलाई रुपन्देही-२ मा मतपत्र डिजाइन र छपाइको बाटो खुल्नेछ ।

## वित्तीय आतंक विरुद्ध राष्ट्र बैंक घेर्ने होटल संघको चेतावनी

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ कार्तिक**

होटल संघ पोखरा नेपालले बैंक तथा वित्तीय संस्थाहरुले एकतर्फी रुपमा बढाएको ब्याजदर एक अंकमा झार्ने पहल नगरेमा नेपाल राष्ट्र बैंक र अर्थमन्त्रालय विरुद्ध नै आन्दोलनका कार्यक्रम घोषणा गर्न वाध्ये हुने चेतावनी दिएको छ ।



पर्यटन व्यवसाय कोभिड १९ को महामारीबाट नकारात्मक रुपमा प्रभावित भएको अवस्थामा बैंक तथा वित्तीय संस्थाहरुले मनोमानी रुपमा ब्याजदर बढाए पनि राष्ट्र बैंक र सम्बन्धित मन्त्रालय चुप लागेर बसेको भन्दै संघले शुक्रबार पोखरामा पत्रकार सम्मेलन गरी आन्दोलनको चेतावनी दिएको हो । कार्यक्रममा बोल्दै संघका अध्यक्ष लक्ष्मण सुवेदीले कोभिड १९ को संक्रमण केही मत्थर हुँदै गर्दा पर्यटन व्यवसाय लयमा फर्कने प्रयासमा रहे पनि होटल क्षेत्रको २०-२५ प्रतिशत अकुेन्सीले संचालन खर्च पनि धान्न सक्ने अवस्था नभएको बताए । आम्दानी पनि नभएको र पर्यटक आगमनदर पनि अपेक्षित बढ्न नसकेको अवस्थामा होटल क्षेत्र अहिले बैंकले प्रदान गरेको कर्जाको सावाँ तथा ब्याज तिर्न सक्ने अवस्थामा नरहेको उनले बताए । अध्यक्ष सुवेदीले आफूहरु दायित्वबाट पन्छन नखोजेको तर तिर्नुपर्ने दायित्वलाई अर्को बर्षका लागि सारिदिन राष्ट्र बैंकमार्फत् अनुरोध गरेको स्पष्ट पारे । बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जाको ब्याज सात प्रतिशतबाट १५ प्रतिशत हुँदै २० प्रतिशत नाघ्ने अवस्था रहेको भन्दै अध्यक्ष सुवेदीले बैंक तथा वित्तीय संस्थाले ४० प्रतिशत सम्म लाभांस बाँड्दा घाटामा रहेको होटल क्षेत्रलाई भने तर्साउने काम भएको दुःखेसो पोखे । 'नाफामा गएको बैंकिङ क्षेत्रलाई राष्ट्र बैंक जोगाउनतिर लाग्यो तर घाटा खाएको होटल क्षेत्रलाई वास्ता गरेन,' उनले भने- यसलाई हामी चुप लागेको रुपमा नलियोस्, यस्तै भए अब हामी राष्ट्र बैंक र अर्थ मन्त्रालय घेर्न वाध्ये हुने छौं । सो अवसरमा होटल संघ नेपालका केन्द्रिय सदस्य भरतराज पराजुलीले अहिले व्यवसायीहरु अफ्ठ्यारो अवस्थामा पनि मर्यादित र संयमित भएर बसेको तर आफ्ना मागहरु संवोधन नभए आफूहरु राष्ट्र बैंक र मन्त्रालय विरुद्ध आन्दोलन गर्न तयार रहेको भनाई राखे । होटल संघ गण्डकीका अध्यक्ष हरिप्रसाद शर्मा गैह्रेले बैंक तथा वित्तीय संस्थाले अस्वभाविक रुपमा ब्याजदर बढाउनु सबै नेपालीको समस्या भएको स्मरण गराउँदै व्यवसायमा सुस्ती देखिंदा वित्तीय क्षेत्रबाट आतंक फैलाउने काम भएको बताए । सन् २०२० लाई नेपाल भ्रमण बर्ष मनाउने भन्दै सरकारले व्यवसायीलाई मनग्य लगानी गर्न उक्साएको तर कोभिडको मार परेपछि ब्याजदर बढाएर ढाड सेक्ने काम गरेको गुनासो पनि अध्यक्ष गैह्रेको थियो । होटल संघ पोखरा नेपालका सल्लाहकार वच्चुराम तिवारीले देशमा महंगी व्यापक हुँदा पनि होटल क्षेत्रले आफ्नो दरको ५० प्रतिशत मूल्य पनि लिन नसक्ने अवस्था रहेको जानकारी दिंदै बैंकको लगानी अनुत्पादक क्षेत्र गएको र विदेश पुँजी पलायत भएको बताए । व्यवसायी बैंकर हुँदा पनि समस्या उत्पन्न भएको बताउँदै उनले बैंकलाई आधुनिक सामन्तको उपमा दिए ।

संघका निवर्तमान अध्यक्ष विकल तुलाचनले कोभिडको समयमा सरकारले नै दुई वर्ष पर्यटन क्षेत्र बन्द गराएको बताउँदै अहिले एकतर्फी ब्याज बढाएर वित्तीय आतंक सिर्जना गरिएको आरोप लगाए । अंग्रेजी बर्षको अन्त्यसम्म नेपालमा पुगनपुग पाँच लाख पर्यटक आए पनि ती सबै पोखरा नआउने यथार्थ पनि उनले सुनाए । कार्यक्रमको संचालन संघकी सचिव पार्वता पाण्डेले गरेकी थिइन् ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कृषि र पर्यटन नै यस क्षेत्रको सम्बृद्धिको आधार रहेको उम्मेदवार बरालको भनाई

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ कार्तिक**

आगामी प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचन अन्तरगत कास्की क्षेत्र नम्बर ३ का उम्मेदवार रामजी प्रसाद बराल जीवनले यस क्षेत्रको सम्बृद्धिका लागि कृषि र पर्यटनको सँगसँथै विकास हुनुपर्ने बताउनुभएको छ।

कास्कीको अन्नपुर्ण गाउँपालिकाको पाँच दलीय गठबन्धनको संयुक्त बैठकलाई संबोधन गर्दै उम्मेदवार बरालले कृषि र पर्यटनको समानान्तर विकासले मात्रै यो क्षेत्रको मुहार फेरिने दावी गर्नुभयो।

उहाँले यस क्षेत्रका पर्यटकीय सम्भावना बोकेका क्षेत्रहरुलाइ जोगाउँदै वातावरणीय संरक्षण सहितको विकास गर्ने आफ्नो सपना रहेको बताउनुभयो।

बरालले कास्की क्षेत्र ३ लाई विकास र समृद्धिका दृष्टिले एकपटक जुरुक्कै उचाल्ने आफ्नो योजना रहेको सुनाउनुभयो।

कार्यक्रममा नेपाली कांग्रेस क्षेत्र नम्बर ३ का सभापति मनोज गुरुङले सो क्षेत्रबाट गठबन्धनको तर्फबाट प्रतिनिधिसभाका उम्मेदवार रामजीप्रसाद बराललाई नेपाली कांग्रेसको उम्मेदवार मानेर मतदान गर्न कांग्रेस कार्यकर्तालाई आह्वान गर्नुभयो। सभापति गुरुङले टिकटको र विगतको तित्कता बिर्सेर चुनाबमा होमिन आग्रह गर्नुभयो। 'म पनि टिकटको आकांक्षी थिएँ। टिकट रामजीजीले पाएपछि एक/दुई दिन त मलाई पनि गाह्रो भयो', गुरुङले भन्नुभयो, 'पछि उहाँ र



म भेट्दै गयौं। बुझ्दै गयौं। अब त उहाँ अब गठबन्धनको हैन, कांग्रेसको उम्मेदवार जस्तो लागेको छ।' द्वन्द्वकालीन तिक्तता र घाउहरु बिसर्नुपर्ने पनि उहाँको धारणा थियो। उहाँले संघमा र प्रदेश सभामा कांग्रेसको नेतृत्वमा फेरि सरकार बनाउन पनि गठबन्धनको जित आवश्यक भएको बताउनुभयो। प्रदेश ख का उम्मेदवार प्रकाश बरालले फेवाताल र अन्नपुर्ण बेस क्याम्पलाई जोडेर यो क्षेत्रको विकास गर्ने बताउनुभयो। नेता बरालले उडन्ते र प्रचारका कुरा गर्ने तर कामको सिन्को नभाँच्ने आफ्नो बानी नरहेको भन्दै जनता सामु गरेका प्रतिबद्दता पूरा गर्ने बताउनुभयो। नेपाली कांग्रेस अन्नपुर्ण गाउँपालिकाका कार्यबाहक अध्यक्ष शुशिल भट्टचनले गठबन्धनको बैठकपछि अब खुलेर चुनाबमा जाने वातावरण बनेको बताउनुभयो।

'अब अन्नपुर्ण गाउँपालिकामा जय नेपाल र लाल सलामको नारासँगै घन्काएर जयलाल भन्दै चुनाबी अभियान गरिनेछ', उहाँले भन्नुभयो। यससँगै अन्नपुर्णको चुनाबी कार्यालयको कार्यालय पनि सुरु भएको छ। नौडाँडामा स्थापित कार्यालयको उम्मेदवार र नेताहरुले उद्घाटन गरे। कार्यक्रममा निर्वाचन परिचालन समितिका संयोजक राजबहादुर गुरुङले गाउँपालिकाको घरदैलोको कार्यक्रमका बारेमा जानकारी गराएका थिए। कार्यक्रममा निर्वाचन प्रचार प्रसार समितिका सह संयोजक त्रिभुवन पौडेलले बाम लोकतान्त्रिक गठबन्धनका कारण संविधान र गणतन्त्र जोगिएको स्मरण गर्दै व्यवस्था जोगाउने पार्टीका नेताहरु मिल्नुले व्यवस्था बलियो भएको सन्देश भएको बताउनुभयो।

नेपाली कांग्रेस कास्कीका उपसभापति युवराज कुँबर, माओवादी केन्द्रका नेताहरु चुडामणी अधिकारी, भेषराज पौडेल, नेसपाका युवा नेता नेत्र चापागाई, नेकपा एसका पालिका अध्यक्ष भरत देवकोटालगायतले मन्तव्य राखेका थिए।

## गठबन्धन...

गणतन्त्रको रक्षा गर्ने मूल शक्ति भएको स्पष्ट पार्नुभयो। विपक्षी गठबन्धनलाई गणतन्त्र, सङ्घीयता र लोकतन्त्र नपचेको अध्यक्ष नेपालको जिकिर छ। जनतालाई न्याय दिन, समानता स्थापित गर्न र देशलाई विकासको बाटोमा लैजाने काम गठबन्धनको सरकारले गरेको उहाँले बताउनुभयो। नेपाली कांग्रेसका वरिष्ठ नेता एवं पाँच दलीय गठबन्धनका कार्यदल संयोजक रामचन्द्र पौडेलले राष्ट्रिय आवश्यकताअनुसार दलगत सिद्धान्तबाट माथि उठेर साझा मुद्दामा गठबन्धन एक भएको बताउनुभयो। संविधानको रक्षा, स्थिरता र समृद्धिका लागि बनेको गठबन्धन संविधान र राष्ट्र विरोधी प्रतिगामी शक्तिका विरुद्धमा रहेको बताउँदै उहाँले त्यसलाई परास्त गरेर अघि बढ्नुपर्ने आवश्यकता औँल्याउनुभयो। गठबन्धन सरकारमा जाने मात्र नभई राष्ट्रको समृद्धि र विकासका लागि भएको उहाँको भनाइ छ। गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले निर्वाचनमा दलबीचमा सिट सङ्ख्या भागबण्डा गर्दा स्वाभाविकरुपमा सबैले टिकट पाउने अवस्था नहुने कुरालाई आत्मसात् गरी अघि बढ्नुपर्नेमा जोड दिनुभयो। राष्ट्रिय जनमोर्चा पार्टीका केन्द्रीय कार्यकारी समितिका अध्यक्ष रश्मीराज नेपालीले विभिन्न विमतिका बाबजुद गठबन्धन अहिलेको आवश्यकता भएको बताउँदै संविधानको रक्षाका लागि गठबन्धनका उम्मेदवारले जित्नु आवश्यक भएकामा जोड दिनुभयो। प्रतिगामी शक्तिले जित्दा अराजकतासँगै र विदेशी शक्तिको प्रभाव बढ्ने हुँदा गठबन्धनका उम्मेदवारले जित्नु अपरिहार्य भएको उहाँले बताउनुभयो। नेपाली कांग्रेस गण्डकी प्रदेश सभापति शुक्रराज शर्माले प्राप्त उपलब्धिको रक्षासँगै विकासका लागि गठबन्धनको विजय आवश्यक भएको धारणा राख्नुभयो। नेकपा माओवादी केन्द्र गण्डकी प्रदेश अध्यक्ष गायत्री गुरुङले गठबन्धन दलका प्रदेशस्तरीय कार्यकताको भेलाले गठबन्धनको चुनावी गतिविधिलाई थप बलियो बनाउन महत्वपूर्ण बन्ने विश्वास व्यक्त गर्नुभयो। नेकपा एकीकृत समाजवादीका गण्डकी प्रदेश अध्यक्ष केशवलाल श्रेष्ठले गठबन्धनका उम्मेदवार भएका स्थानमा परेका बागी उम्मेदवारीलाई व्यवस्थापन गर्नुपर्नेमा जोड दिनुभयो। नेपाल समाजवादी पार्टीका गण्डकी प्रदेश अध्यक्ष हेमबहादुर थापाले गठबन्धनको यो अभियान निरंकुशतालाई सँधै पराजित गर्ने अभियानका रुपमा रहेको बताउनुभयो।

# 'गण्डकी प्रदेशलाई अन्तराष्ट्रिय व्यापारको महत्वपूर्ण नाका बनाउँछौं'-एमाले उम्मेदवार कार्की

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ कार्तिक**

कास्की निर्वाचन क्षेत्र न २ (१) बाट प्रदेश सभा सदस्यका लागि एमाले तर्फका प्रत्यासी उम्मेदवार भिमबहादुर कार्कीले गण्डकी प्रदेशलाई अन्तराष्ट्रिय व्यापारको महत्वपूर्ण नाका बनाउने प्रतिबद्धता जनाएका छन्।

पोखरा महानगपालिका वडा नम्वर १५ मा एमालेको निर्वाचन परिचालन कमिटिको कार्यालय उद्घाटन कार्यक्रममा उनले सो प्रतिवद्धता जनाएका हुन।

उम्मेदवार कार्कीले देश हाँक्ने र विकास गर्ने तागत एमालेसँग मात्रै भएको दावी गरे। उनले विकास अभियान व्यवस्थित बनाउन,राष्ट्रियता बलियो बनाउन, भ्रष्टाचार नियन्त्रण गर्न एमालेको सरकार आवश्यक भएको स्पष्ट पारे। निर्वाचन परिचालन कमिटिको कार्यालय उद्घाटन गर्दै एमालेका केन्द्रिय सदस्य कृष्ण थापाले कास्की क्षेत्र न २ मा आफ्ना प्रतिनिधिहरूले उत्कृष्ट काम गरेको भन्दै अब सो क्षेत्रलाई नमुना क्षेत्र बनाउने उल्लेख गरे। कार्यक्रममा नेकपा एमाले गण्डकीका उपसचिव रश्मि आचार्यले जनताका अपेक्षा एमालेले मात्रै पूरा गर्न सक्ने दाबी गरे। उनले विगतको एमाले नेतृत्वको केन्द्रिय र प्रदेश सरकारले विकासको बाहार र उभार ल्याएको प्रमाण पेश गर्दै यसपाली एमालेले बहुमतको सरकार बनाउने बताए।



सो कार्यक्रममा एमाले गण्डकी प्रदेशका समानुपातिक उम्मेदवार डाक्टर छममाया पून, एमाले कास्कीका सचिवालय सदस्य हिरा गिरि, एमाले पोखरा १५ का अध्यक्ष भोज बहादुर गुरुङ, उपाध्यक्ष खेम थापा, सचिव पार्वती कार्की लगायतले मन्तव्य व्यक्त गरेका थिए।

# 'दीगो सडक र सुरक्षित यातायातमार्फत पर्यटन र समृद्धि'

**पोखरापत्र संवाददाता**
**पोखरा, ४ कार्तिक**

दीगो सडक र सुरक्षित यातायातमार्फत समृद्ध नेपालको निर्माणमा गण्डकी प्रदेशबाट योगदान दिने अभिप्रायले शुक्रबार पोखरामा वृहद अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

इन्जिनियरिङ, अटोमोबाइल, पर्यटन, यातायात, सञ्चार माध्यम, वातावरण, व्यावसायिक र सामाजिक लगायत क्षेत्रका सय जना भन्दा बढी व्यक्तिहरुको सहभागितामा कार्यक्रम भएको हो। पोखरा उद्योग वाणिज्य संघ र आर्थिक आवाज अनलाइनको आयोजना, नासा फाउण्डेसन नेपाल र बाबा फाउण्डेनको सहकार्यमा भएको कार्यक्रममा अन्तर्राष्ट्रिय अटोमोबाइल फेडेरेसन (एफआइए), ग्लोबल रोड सेफ्टी एनजिओ एलाइन्स तथा नासा नेपालको समेत सहभागिता रहेको थियो।



कार्यक्रममा अन्तर्राष्ट्रिय अटोमोबाइल फेडेरेसनका वल्ड काउन्सिल मेम्बर गोविन्द भट्टराईले 'फ्रोफेसनल इङगेजमेन्ट फर सेफर मोबिलिटी' पोखरा विश्वविद्यालयका सहप्राध्यापक बुद्धिराज जोशीले 'सस्टेनेबल डेभलपमेन्ट गोल र सडक यातायात', भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय गण्डकी प्रदेशका सिडिई रामकुमार श्रेष्ठले मन्त्रालयको कार्यप्रगति र प्रदेशको अवस्थाको बारेमा र पृथ्वीराजमार्ग बस सञ्चालक कम्पनी प्रालिका अध्यक्ष अधिवक्ता योगेन्द्रबहादुर केसीले गण्डकी प्रदेशको सार्वजनिक यातायातको विषयमा कार्यपत्र प्रस्तुत गरेका थिए। उक्त कार्यपत्र माथि नाडा अटोमोबाइल एसोसिएसन अफ नेपालका अध्यक्ष ध्रुवबहादुर थापा, नेपाल अर्थोपेडिक एसोसिएसनका पूर्व अध्यक्ष तथा नेशनल रोड सेफ्टी एलान्यसका सदस्य प्रा.डा. बुलन्द थापा, बाबा फाउण्डेसनका अध्यक्ष दिलीपराज श्रेष्ठ, अटो पत्रकार संघ नेपालका अध्यक्ष उज्ज्वल जंग शाह, एकेडेमिक नेटवर्क फर रोड सेफ्टी रिसर्च (टियु)का सुजना श्रेष्ठ, लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेय लगायतले टिप्पणी गरेका थिए। कार्यक्रममा गण्डकी प्रदेशको सडक यातायातको सुधारका लागि सुझाव तथा सुरक्षित हेलमेन्टको प्रयोग र परिचर्चासमेत गरिएको थियो। कार्यक्रममा गण्डकी प्रदेशकै दीगो विकास, सडक र यातायातको व्यवस्था तथा पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुर्‍याउने उद्देश्यले 'गण्डकी प्रदेश एलायन्स फर सेफ एण्ड सस्टेनेवल मोविलिटी' नामक खुल्ला नेटवर्क गठन गर्ने निर्णयसमेत भएको छ।

कार्यक्रममा विभिन्न क्षेत्रका व्यक्तिहरुले आवश्यक नीतिको अभाव, योजना कार्यान्वयनमा ढिलाई, सरकारी क्षेत्रको बेवास्ताका कारण प्रदेशको दीगो विकास, नागरिक स्वास्थ्य तथा पर्यटन प्रवर्द्धनमा समेत नकारात्मक असर परेको बताएका छन्। पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतीको अध्यक्षतामा कार्यक्रमको सञ्चालन आर्थिक आवाजका सञ्चालक सुरेन्द्र पौडेलले गरेका थिए।

# 'सत्ता गठबन्धनलाई बलियो बनाउनुपर्छ'

**पोखरापत्र संवाददाता**
**दमोली, ४ कार्तिक**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले निर्वाचनमा गठबन्धन रहरले नभई लोकतन्त्र र संविधान रक्षाका लागि गरिएको स्पष्ट पार्नुभएको छ।

"प्रतिगमन शक्तिलाई पराजित गर्नुपर्ने अहिलेको मुख्य चुनौती हो, यसैका लागि बनेको गठबन्धनलाई बलियो बनाउनुको विकल्प छैन", उहाँले भन्नुभयो।

व्यास नगरपालिका वडा नं-२ मा निर्वाचन सम्पर्क कार्यालयको आज शुभारम्भ गर्दै उहाँले गठबन्धनलाई दिगोरूपमा अगाडि लैजान सकिए मात्र संविधानको रक्षामा सहयोग पुग्छ भन्नुभयो। व्यवस्था परिवर्तन भए पनि यसको सही व्यवस्थापन हुन नसकेकाले जनताको अवस्था बदलिन नसकेको बरिष्ठ नेता पौडेलको भनाइ थियो। हरेक नागरिकमा अनुशासन र आचरणमा राख्ने पद्धति आवश्यक परेको जनाउँदै उहाँले लोकतन्त्रको उपयोग गर्न सिक्नुपर्ने धारणा राख्नुभयो। गाउँमा रोजगारी र आम्दानीको अवसर सिर्जना गर्नुपर्ने अहिलेको चुनौती रहेको र त्यसका लागि आफू क्रियाशील रहेको उहाँले बताउनुभयो। सो अवसरमा तनहुँ क्षेत्र नं १ प्रदेश (क)का उम्मेदवार अशोककुमार श्रेष्ठ, समानुपातिक उम्मेदवार चिनु पोख्रेललगायतले कांग्रेसको नेतृत्वमा विकास सम्भव रहेको बताउनुभयो। वरिष्ठ नेता पौडेलले विगत केही दिनदेखि जिल्लाका विभिन्न ठाउँमा पुगेर मतदाता भेटघाटलाई तीब्रता दिनुभएको छ। यसक्रममा उहाँले व्यास,भानु नगरपालिका, बन्दीपुर गाउँपालिकाका विभिन्न ठाउँमा पुगेर मतदाता भेटघाट गर्नुभएको थियो।


## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# 'देशलाई दुर्घटनाबाट जोगाउन एमालेलाई मत'-उम्मेदवार मनबहादुर गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, ४ कार्तिक



आगामी मंसिर ४ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनमा कास्की क्षेत्र नम्बर १ मा नेकपा एमालेको तर्फबाट प्रत्यासी उम्मेदवार मनबहादुर गुरुङले देशलाई दुर्घटनाबाट जोगाउनको लागि एमालेलाई मत दिन जनतालाई आग्रह गरेका छन्।

शुक्रवार मतदाता भेटघाट कार्यक्रममा उनले राष्ट्रियताको जगेर्ना र देश विकास एमालेले मात्रै गर्न सक्ने उनको विश्वास छ। विगतमा एमाले नेतृत्वको सरकारलाई हेर्दा पनि सो प्रमाणित भैसकेको हुँदा आम जनतालाई आफ्नो पाटीको सूर्य चिन्हमा मतदान गर्न उनको आग्रह छ। गुरुङले देशको स्वाभिमान उचो बनाउनेतर्फ र अधुरा विकासको पूर्णताको लागि आफू चुनावी मैदानमा आएको प्रष्ट पारे। कास्की क्षेत्र नम्बर १(ख)का प्रदेश सभा उम्मेदवार बेदबहादुर गुरुङ (श्याम)ले क्षेत्र नम्बर १ (ख)को विकासका लागि कुनै पनि कसुर बाँकी नराख्ने बताए। नेकपा एमाले कास्की जिल्ला सचिव बैनबहादुर क्षेत्रीले एमाले विकासको अर्को पर्याय र देश विकासको एक मात्रै निर्विकल्प पार्टी भएको बताए। गठबन्धन मार्फत भ्रष्टाचार र लुटतन्त्रका लागि आएकाहरूलाई कास्कीका जनमतले नै त्यसको जवाफ दिने उनको विश्वास छ। कार्यक्रममा प्रदेश समानुपातिक उम्मेदवार नन्दकली नेपालीले यो पटकको निर्वाचनमा एमालेलाई बहुमतले जिताउन सबै मतदातासँग आग्रह गरिन्।

# पोखरा ९ मा एमालेको ५ सय १ सदस्यीय निर्वाचन परिचालन कमिटी

पोखरापत्र संवाददाता
पोखरा, ४ कार्तिक




पोखरा महानगरपालिका वडा नम्बर ९ मा एमालेको ५ सय १ सदस्यीय निर्वाचन परिचालन कमिटी घोषणा गरिएको छ। शुक्रबार कास्की निर्वाचन क्षेत्र न २ (२) अन्तर्गत पोखरा ९ मा नेकपा (एमाले) निर्वाचन परिचालन कमिटिको कार्यालय उद्घाटन गर्दै निर्वाचन परिचालन कमिटी घोषणा गरिएको हो।

कार्यक्रममा मंसिर ४ गते हुने प्रदेश सभा सदस्य निर्वाचनमा गण्डकी प्रदेशका लागि कास्की २ (२) बाट एमाले उम्मेदवार मिना गुरुङले विकासको खाका एमालेसँग मात्रै भएको बताउँदै बीचमा भएको सरकार परिवर्तनले सो योजना पूरा गर्न नपाएको उल्लेख गरिन्। अबको निर्वाचनमा निर्वाचित भएर आएपछि ति योजना पूरा गर्ने उनको दृढता छ।

उनले विकासको छलाङ्ग मार्ने योजना सहित उम्मेदवारी दिएको बताइन्। उम्मेदवार गुरुङले एमालेले कहिल्यै जनताका माझ झुट नबोल्ने र बोलेका कुरा पूरा गरेरै छाड्ने उल्लेख गरिन्।

एमाले सधैं जनतालाई अधिकार सम्पन्न र समृद्ध बनाउने योजनाबद्ध कार्यक्रम, व्यवसाय, सीप विकास, रोजगार तथा स्वरोजगार प्रवर्द्धन, युवा महिला दिदिबहिनीहरुको विकासका लागि लागेको भन्दै समुन्नत गण्डकी प्रदेश र उत्कृष्ट कास्की जिल्ला बनाउने सपना पूरा गर्नको लागि गुरुङले सुर्यमा मतदान गर्न आग्रह गरिन्। नेकपा एमाले गण्डकी प्रदेश कमिटीका उपसचिव रश्मी आचार्यले एमाले सरकारको जनमुखी विकासदेखि अत्तालियर सत्ताबाट हटाएको भन्दै जनताको मनको साथले अब बहुमतको सरकार निर्माण हुने उल्लेख गरे।

कार्यक्रममा कास्की क्षेत्र नम्बर २(२) संयोजक दानबहादुर वाँनिया, उप संयोजक भेषराज पराजुली पोखरा नगर कमिटीका सचिव जिवन आचार्य लगायतका नेताहरूले एमालेको विजयका लागि गर्नुपर्ने जिम्मेवारीको सम्बन्धमा बोलेका थिए।

# बाच्छी हुर्काउन दश हजार अनुदान

पोखरापत्र संवाददाता
तनहुँ, ४ कार्तिक

भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रले बाच्छी हुर्काउन रु दश हजार अनुदान प्रदान गर्ने भएको छ। जिल्लामा यस वर्ष एक सय साठी पाडी तथा बाच्छी हुर्काउन प्रोत्साहन अनुदानका लागि बजेट आएको छ।

कृत्रिम गर्भाधानबाट उच्च नश्ल जातका पाडी तथा बाच्छी एक वर्ष पूरा भएकालाई अनुदान दिइने कार्यालयका प्रमुख डा बालकुमार श्रेष्ठले जानकारी दिनुभयो। प्रोत्साहन अनुदान कार्यक्रम सुरु भएपछि पाडी तथा बाच्छी हुर्काउन कृषक उत्साहित भएर लागेका छन्। गण्डकी प्रदेश सरकारले रु सोह्र लाख बजेट विनियोजन गरेको छ। उहाँले भन्नुभयो, "कार्यालयले सूचना प्रकाशित गरी कृषकसँग आवेदन माग गरिहेको छ।" कार्यालयले गत आर्थिक वर्षमा एक सय पचास पाडी तथा बाच्छी हुर्काउन रु पन्ध्र लाख बजेट विनियोजन गरेको थियो। जिल्लाको व्यास नगरपालिका र बन्दीपुर पकेट क्षेत्रका रुपमा रहेका छन्। अधिकांश आवेदन पनि सोही पालिकाबाट दिएको उहाँले बताउनुभयो।

पाडी बाच्छी हुर्काउँदा खर्च बढी लाग्ने र किसानले पाडी बाच्छी हुर्काउन नचाहने भएकाले अनुदान प्रदान गरी हुर्काउन प्रोत्साहन गरिएको उहाँले बताउनुभयो। "यहाँ गाईभैंसी उत्पादनको स्रोत केन्द्र छैन, उच्च नस्लका गाईभैंसी अन्य जिल्ला तथा राष्ट्रबाट ल्याउनुपर्ने बाध्यता छ", त्यसैले यही उत्पादनका लागि तयारी स्वरुप यो कार्यक्रम ल्याइएको उहाँले बताउनुभयो। प्रतिपाडी तथा बाच्छी हुर्काउन रु दश हजारका दरले प्रोत्साहन अनुदान प्रदान गरिने उहाँले बताउनुभयो। "कृत्रिम गर्भाधानबाट जन्मिएका पाडी तथा बाच्छी हुर्काउनका लागि मात्रै अनुदानको प्रदान गरिएको छ", उहाँले भन्नुभयो, "एउटा किसानले पाँचसम्म पाडी बाच्छीलाई अनुदान लिनसक्ने व्यवस्था छ।" कृत्रिम गर्भाधान गरिएको कार्ड विज्ञ केन्द्रले नै उपलब्ध गराएको हुन्छ। सोहीअनुरूप कृषकलाई अनुदान उपलब्ध गराउने गरिएको छ। पाडी बाच्छी उत्पादनलाई प्रोत्साहन गर्दा जिल्लामा नै स्रोत केन्द्र स्थापना गर्नसक्ने भएकाले अनुदान कार्यक्रम सञ्चालन गरिएको उहाँको भनाइ छ। यस वर्ष व्यास नगरपालिका, बन्दीपुर गाउँपालिका, म्याग्दे नपा र भानु नगरपालिकामा उच्च नस्लका पाडी तथा बाच्छी उत्पादनका लागि कृत्रिम गर्भाधान गराइएको डा श्रेष्ठले बताउनुभयो। अन्यत्रबाट उच्च नस्लका माउ गाईभैंसी ल्याउँदा महँगो पर्ने र ढुवानी खर्चसमेत बढी पर्ने हुँदा यही उत्पादन गर्नसकेमा उच्च नस्लका दुधालु गाईभैंसी आयात गर्नुभन्दा निर्यात गर्न सकिने उहाँ बताउनुहुन्छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : कार्यमा सफलता |
| वृष | : मानसिक तनाव | वृश्चिक | : मन चञ्चल |
| मिथुन | : शारीरिक झमेला | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : व्यापारमा लाभ | मकर | : सत्कार मिल्नेछ |
| सिंह | : शत्रुको भय | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : झमेला बढ्ने | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविस्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस्।

## पसल बिक्रीमा

पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसल विशेष कारणवस तु विक्रीमा छ।
सम्पर्कः
९८२७१९९५८६
९८१९५२९०४५


# झिनियाँसहित तयारी रोटीको माग उच्च

पोखरापत्र संवाददाता
बागलुङ, ४ कार्तिक

तिहारमा अत्यावश्यक परिकारका रुपमा मानिएको झिनियाँ र चिनीसहितका विभिन्न रोटीका परिकारको माग बागलुङमा उच्च रहेको छ। झिनियाँसहित विभिन्न तयारी रोटी उत्पादन हुन थालेपछि घरमै बनाउने रोटीका परिकारसमेत स्थानीयले खरिद गरेर लैजान थालेका छन्।

बागलुङ बजारका विभिन्न महिला उद्यमीले उत्पादन गरेका रोटीका परिकार खरिद गर्नेको भीड नै लाग्ने गरेको छ। बागलुङमा तिहार नजिकिएसँगै झिनियाँ, चिनी, फिनी, भेलीलगायतका रोटीका परिकारको माग उच्च भएको विगत १० वर्षदेखि बागलुङ नगरपालिका-२ स्थित मेरीपिपलमा झिनियाँसहितका सात प्रकारका परिकार बनाउँदै आउनुभएका मीरा श्रेष्ठले बताउनुभयो।

हिन्दूहरुको दोस्रो ठूलो पर्व तिहारका अवसरमा सर्वाधिक बढी प्रयोग हुने झिनियाँ बनाउन यहाँका महिला उद्यमीलाई भ्याइनभ्याइ छ। श्रेष्ठले विगत १० वर्षदेखि झिनियाँ, चिनी रोटी, फिनी रोटी, सेल रोटी, भेली रोटी, खुरमा र नमकिन बनाएरै राम्रो आम्दानी गर्न सफल हुनुभएको छ। "पहिला झिनियाँको मात्रै व्यापार हुन्थ्यो, पछिल्लो समय चिनी तथा फिनी र तयारी सेल रोटीको माग उच्च छ, लगातारको वर्षाले झिनियाँ सुकाउन समस्या भयो, झिनियाँको माग धान्नै समस्या छ", श्रेष्ठले भन्नुभयो, "झिनियाँ मात्रै नभएर चिनी, फिनी र सेललगायतका तयारी रोटीको माग बढेको छ, यो सिजनमा दिनरात नभनी काम गरिरहेका छौं।"

मीरासँगै उहाँका श्रीमान् र छोराले दसैं अघिदेखि रातदिन नभनेर झिनियाँ, चिनी, फिनी, भेली र नमकिनलगायतका तयारी परिकार बनाइराखेका छन्। तिहारको समयमा बढी मात्रामा प्रयोग हुने झिनियाँको माग बढ्न थालेपछि मीरासहित अन्य बागलुङका घरेलु उद्यमीलाई झिनियाँ बनाउन भ्याइनभ्याइ भएको छ तर बागलुङ बजारको अधिकांश झिनियाँ र तयारी रोटीको माग महिला उद्यमी श्रेष्ठले धान्दै आउनुभएको छ।

श्रेष्ठले दसैं तिहारको सिजनमा झिनियाँसहित अन्य तयारी परिकार बेचेर रु छ लाख कमाउने लक्ष्य राख्नुभएको छ। नेपाली समाजमा तिहारको भाइटीकामा सप्तरङ्गी झिनियाँ कोसेलीका रूपमा दाजुभाइलाई खुवाउने परम्परा रहे पनि अन्य पूजाआजा र चाडपर्वमा समेत झिनियाँसहित अन्य सात प्रकारका तयारी रोटीको माग भएको हो। माग बढ्न थालेपछि अन्य समयमा समेत झिनियाँ, चिनी, फिनीलगायत रोटी बनाउन भ्याइनभ्याइ हुने गरेको छ। बागलुङका उद्यमीले दसैंतिहारलाई लक्षित गरी दुई महिना अगाडिदेखि नै झिनियाँ रोटी बनाउन थालेका छन्। विशेष गरी तिहारको बेलामा झिनियाँको माग अत्यधिक हुने भएकाले आफूले दुई महिनादेखि झिनियाँलगायतका रोटी बनाइराखेको श्रेष्ठले बताउनुभयो। बागलुङ बजारको मेरीपिपलमा वर्षौंदेखि परम्परागत रूपमा झिनियाँ बनाउँदै आएकी उहाँले बागलुङ बजारमा मात्रै आफूजस्तादर्जनौंमहिलाझिनियाँ रोटी बनाएर आयआर्जन गर्दै आइरहेको बताउनुभयो। अहिले आधुनिक उपकरणको सहायताले ठूलो मात्रामा झिनियाँ उत्पादन गर्न सकिन्छ। उहाँले तीन वर्षदेखि रु एक लाखको लागतमा झिनियाँ निर्माण गर्ने आधुनिक विद्युतीय उपकरणसमेत खरिद गरेर बनाउन थाल्दा माग आपूर्तिमा सहजता भएको बताउनुभयो।

थोक मूल्यमा झिनियाँ प्रतिदर्जन ठूलोमा रु दुई सय ५० र सानोमा रु एक सय ४० मा बिक्री गर्दै आएको उहाँले बताउनुभयो। दसैंको अवधिमा सेतो रङको झिनियाँ बढी मात्रामा बिक्री हुने भए पनि तिहारको समयमा सात रङको झिनियाँको माग आउने गरेको छ। मीराले चिनी रोटी रु ८०, फिनी रोटी रु ७०, भेली रोटीलाई रु ५० र नमकिन रोटीलाई रु ५० मा बिक्री गर्दै आउनुभएको छ।

# प्रधानमन्त्री कप छनोट : तनहुँको दोस्रो जित

पोखरापत्र संवाददाता
तनहुँ, ४ कार्तिक

प्रधानमन्त्री कप क्रिकेट छनोट खेलमा तनहुँले दोस्रो जित निकालेको छ। पोखरामा जारी छनोटअन्तर्गत शुक्रबार भएको खेलमा तनहुँले स्याङ्जालाई पराजित गरेको हो।

पहिलो खेलमा तनहुँले कास्कीमाथि विजय हासिल गरेको थियो। तनहुँले हालसम्म कास्कीलाई पराजित गर्न सकेको थिएन। पहिले ब्याटिङ गर्दै स्याङ्जाले १७५ रन बनाएको थियो। तनहुँका लागि सन्दीप पराजुलीले ४, विनय भण्डारी र प्रदीप अर्यालले २-२ विकेट लिनुभयो। दोस्रो ब्याटिङ गरेको तनहुँले पाँच विकेट बाँकी रहँदै लक्ष्य भेट्याउँदै विजय हासिल गरेको तनहुँका कप्तान चन्द्रकान्त पौडेलले जानकारी दिनुभयो। खेलमा तनहुँका समिर कंडेल ५४ रन बनाएर म्यान अफ दि म्याच घोषित हुनुभएको छ। छनोट खेलअन्तर्गत शनिबार तनहुँले नवलपुरसँग प्रतिस्पर्धा गर्नेछ।

# जेष्ठ नागरिकको आर्शिवाद लिंदै एमाले उम्मेदवार कार्की

पोखरापत्र संवाददाता
पोखरा, ४ कार्तिक



नेकपा एमालेको तर्फबाट कास्की क्षेत्र नं. २ (१) का उम्मेदवार भिमबहादुर कार्कीले जेष्ठ नागरिकको आशिर्वाद लिएर चुनावी भेटघाट शुरु गरेका छन्। उनी निर्वाचन परिचालन कमिटि पोखरा १७ कार्यालयको उद्घाटन कार्यक्रममा उपस्थित जेष्ठ नागरिकको आशिर्वाद लिएर भेटघाट अभियानमा जुटेका हुन्।

कार्यक्रममा पोखरा महानगरपालिका वडा नं. १७ म्यूजियममार्गकी ८७ वर्षीय लिलावती बास्तोलाले विजय हासिल गर्न अग्रिम शुभकामना दिईन्। एमालेले शुरु गरेको वृद्धभत्ता अहिले धेरै आमाबुबाको बुढेसकालको लौरो बनेको भन्दै उनले भनिन्-'त्यसैले पनि आफुलाई सहयोग गर्ने पार्टीलाई भोट दिन्छौ।' निर्वाचन परिचालन कार्यालयको उद्घाटन कार्यक्रमको मञ्चमा रहेका वास्तोला सहित ९३ बर्षीय खिमबहादुर परियार, ८४ वर्षीय बत्ति गुरुङ, ८२ वर्षीय रनसुवा गुरुङ, ८४ वर्षीय झक्कनाथ पौडेल, ८० वर्षीय टोपराज ढुङ्गाना लगायतका जेष्ठ नागरिकको एमालेलाई भोट दिनु पर्ने सामुहिक धारणा थियो। समारोहमा उम्मेदवार कार्कीले उनीहरुलाई खादा लगायर स्वागत गर्दै आर्शिवाद लिएका थिए। विरामी भई उपचारत एमालेबाट कास्की २ बाट प्रतिनिधि सभाको उम्मेदवार विद्या भट्टराई अधिकारीले कार्यक्रमको सफलताको शुभकामना सन्देश पठाएकी थिइन्। सन्देशमा उनले छिट्टै मतदाताको घरदैलोमा पुग्ने विश्वास व्यक्त गरेको कार्यक्रममा जानकारी गराइएको थियो। एमाले पोखरा १७ का अध्यक्ष ऋषव तिमिलाको अध्यक्षतामा भएको कार्यक्रममा एमाले केन्द्रीय सदस्य एवम् उम्मेदवार कार्की, पार्टी गण्डकी प्रदेश सहसचिव रश्मी आचार्य, पार्टी वडा १७ का उपाध्यक्ष लालबहादुर राना लगायतले मुलुकको रक्षा र समृद्धिका लागि संगठित भएर लाग्नु पर्नेमा जोड दिए।

पोखरा १७ मा निर्वाचनलाई व्यवस्थित गर्न पार्टी अध्यक्ष ऋषव लिमिलाको संयोजकत्वमा ५७५ सदस्यीय प्रचार प्रसाद कमिट गठन गरिएको छ। एमालेले शुक्रबार दोबिल्लाबाटउम्मेदवार सहितको मतदाता भेटघाट कार्यक्रम शुरु गरेका छन्।

## नाम, थर र जन्म मिति फरक परेको सूचना



स्याङ्जा जिल्ला हरिनास गाउँपालिका वडा नं. ६ निवासी भारतीय सैनिक नं. १४२०८९४२ टेक बहादुर थापाको श्रीमती निमा माया भुजेलको नेपाली नागरिकताको प्रमाणपत्रमा नाम थर निमा माया भुजेल जन्म मिति २०१५/०६/१४ उल्लेख भएको निजको पतिको सैनिक अभिलेखमा निजको नाम थर निमा थापा जन्म मिति इ.सं. १९५९ अगस्त १८ तदनुसार वि.सं. २०१६/०५/०२ उल्लेख भई फरक फरक नाम, थर र जन्म मिति भएता पनि व्यक्ति एउटै भएको व्यहोरा सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त जिल्ला प्रशासन कार्यालय, स्याङ्जाको च.नं. १५११ मिति २०७९/०६/१२ को पत्रबाट उल्लेख भई आएकोले सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रदेश सरकार
पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
गण्डकी प्रदेश, पोखरा

## फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७९/०७/०४

यस कार्यालयबाट मिति २०६९/०१/१० मा कास्की जिल्ला पुम्दी भुम्दी ०१ मा संचालन गर्ने गरी पोखरा ०३ कास्की निवासी विष्णु देव पराईको नाउँमा दर्ता भएको उद्योग दर्ता नं. ८३७६/०६८/०६९ को कोपिला द नेचर होम रेष्टुरेण्ट नामक फर्मका प्रोप्राइटर श्री विष्णु देव पराईले मिति २०७९/०७/०४ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यदि सो फर्ममा अरु कसैको हकदाबी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौता लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सबुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्याद भित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

# पोखरा २८ मा पिउने पानीको समस्या समाधान गर्ने एमाले उम्मेदवारको प्रतिवद्धता

पोखरापत्र संवाददाता
पोखरा, ४ कार्तिक (रासस)

आगामी मंसिर ४ गते हुने निर्वाचनको सरगर्मी बढेको बेला नेकपा एमालेका उम्मेदवारहरु मतदाताको समस्या बुझ्न व्यस्त छन् ।

यसैक्रममा प्रदेश सभा सदस्य निर्वाचनमा गण्डकी प्रदेशका लागि नेकपा एमालेको तर्फबाट कास्की निर्वाचन क्षेत्र न १ (ख) का प्रत्यासी उम्मेदवार वेदबहादुर गुरुङ (श्याम) र समानुपातिक तर्फ प्रदेशसभा उम्मेदवार नन्दाकला नेपालीले आफूहरु विजय भएर आएपछि पोखरा २८ कालिकाका स्थानियले वर्षौदेखि भेल्दै आएको खानेपानीको समस्या समाधान गर्ने प्रतिवद्धता जनाएका छन् ।



मतादाता भेटघाट कार्यक्रममा उनीहरुले नेकपा एमाले कुरा भन्दा काम गर्ने पाटी भएकोले स्थानियका समस्या समाधानमा आफ्नो पाटी सधैं लाग्ने विश्वास व्यक्त गरे । उनीहरुले कालिकामा गत वर्षमा भए गरेका कामहरुको अनुगमन समेत गरेका छन् भने अधुरा कामहरु आफूहरु निर्वाचित भएर आएपछि पूरा गर्ने वाचा गरेका छन् । यसका लागि मतदाताले सूर्य चिन्हमा मत दिनुहुन आग्रह समेत गरेका छन् । आउँदा वर्षमा वडाका समस्या समाधानमा लाग्न एमाले नेता कार्यकर्तालाई वडावासीले अनुरोध गरेका छन् । भने जनताको दुख सुखको साथी एमाले उम्मेदवारलाई आफुहरुले मत दिने बताएका छन् ।

# चितुवाको आक्रमणबाट बालिकाको मृत्यु

पोखरापत्र संवाददाता
तनहुँ, ४ कार्तिक

तनहुँको बन्दीपुर गाउँपालिका–३ सिस्नेघारीमा चितुवाको आक्रमणबाट आज बिहान एक बालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा ११ वर्षीया बीना चेपाङ रहेको बन्दीपुर गाउँपालिकाका प्रवक्ता शिवकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

घरबाट सानिआमाको घर जाने क्रममा सालघारीमा चितुवाको आक्रमणबाट ती बालिकाको मृत्यु भएको हो । बिहान ६:३० बजेको समयमा चितुवाले आक्रमण गरेको प्रवक्ता श्रेष्ठले बताउनुभयो । चितुवाले बालिकाको घाँटीमा आक्रमण गरेको थियो ।

“घरदेखि सानिआमाको घरको दूरी दुई सय मिटर छ, बाटोमा सालघारी पर्छ, सानिआमाको घर आउनुभन्दा ५० मिटर वर चितुवाले आक्रमण गरेछ”, उहाँले भन्नुभयो । बालिकाको सोही वडाको जनता प्राविमा कक्षा ५ मा अध्ययनरत छिन् । पछिल्लो समय बन्दीपुरमा चितुवाको आक्रमण बढ्दो छ । गत असारमा बन्दीपुर गाउँपालिका–१ र ४ मा चितुवाको आक्रमणबाट एक जना बालकको मृत्यु भएको थियो भने दुई जना घाइते भएका थिए ।

चितुवाको आक्रमणबाट बन्दीपुर–१ का पाँच वर्षीय बालक सुप्रिम बगाले मगरको मृत्यु भएको थियो । बन्दीपुर गाउँपालिका–४ की आठ वर्षीया रियाना थापा र बन्दीपुर गाउँपालिका–१ बाघदलेका ३५ वर्षीय भीमलाल गरञ्जा चितुवाको आक्रमणबाट घाइते भएका थिए ।

पछिल्लो केही वर्षयता तनहुँमा चितुवाको आक्रमणबाट मानिस घाइते तथा मृत्यु हुने क्रम बढेको छ । चितुवाको आक्रमणबाट पछिल्लो पाँच वर्षको अवधिमा १२ बालबालिकाले ज्यान गुमाएका छन् । चितुवाको आक्रमणबाट ज्यान गुमाउनेमा १२ वर्षभन्दा कम उमेरका बालबालिका छन् ।

# निर्वाचनमा निष्पक्ष पत्रकारितामा जोड

पोखरापत्र संवाददाता
पोखरा, ४ कार्तिक



आगामी मंसिर ४ मा हुने प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनको तयारी तीव्र छ । निर्वाचनको समयमा भ्रामक, दुष्प्रचार तथा द्वेष फैलाउने किसिमका समाचार आइरहेका हुन्छन् ।

त्यसैले निर्वाचनमा निष्पक्ष भएर पत्रकारिता गर्न सचेत गराउने उद्धेश्यले मिडिया एक्शन नेपालले देशका सात वटै प्रदेशमा विभिन्न सञ्चारमाध्यममा आबद्ध पत्रकारका लागि निर्वाचनमा निष्पक्ष रिपोर्टिङ तथा दुस्प्रचार र घृणायुक्त अभिव्यक्तिको रोकथाम विषयक कार्यशालाको आयोजना गऱ्यो । विभिन्न चरणमा असोज १२ देखि सुरु भएको एक दिने प्रदेशस्तरीय कार्यशालाको अन्तिम दिन शुक्रबार गण्डकी प्रदेशको राजधानी पोखरामा सम्पन्न भयो । कार्यशालाका सहजकर्ता तथा मिडिया एक्शन नेपालका अध्यक्ष लक्ष्मण दत्त पन्तले पत्रकारले विशेषत् निर्वाचनको समयमा समाचारको तथ्य जाँच पटक पटक गर्नुपर्नेमा जोड दिए । उनले निर्वाचनका बेला उम्मेदवार तथा राजनीतिक दलहरुले पत्रकारलाई माध्यम बनाएर आफ्नो प्रचारप्रसार गर्नसक्ने भएकाले पत्रकार अझ बढी चनाखो बन्नुपर्ने बताए ।

नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष विमला भण्डारीले निर्वाचनको समयमा पत्रकार कुनै प्रलोभनमा नपरी सत्य समाचार बाहिर ल्याउनुपर्ने बताइन् ।अहिलेसम्मकोनिर्वाचनमा गण्डकी प्रदेशमा अमर्यादित तथा भ्रामक किसिमका समाचार सम्प्रेषण कमै हुने गरेको दाबी गर्दै उनले पत्रकारिताको आचारसंहिता भित्र रहनुपर्नेमा सचेत गराइन् ।

मिडिया एक्शन नेपालका सचिव गनेश घिमिरेले पत्रकारले मानवअधिकारको मुद्दामा संवेदनशील र सन्तुलित भएर रिपोर्टिङ गर्नुपर्ने बताए । यस्तै कार्यशालाका सहजकर्ता मानवअधिकार विशेषज्ञ सन्तोष क्षेत्रीले डिजिटलाइज्ड समयमा पत्रकारका कारण दुष्प्रचार तथा द्वेष सजिलोसँग फैलन सक्ने जोखिम भएकाले शब्द चयन तथा समाचारको दृष्टिकोणमा संवेदनशील हुन पत्रकारलाई आग्रह गरे । सहभागि पत्रकार सुमन गुरुङले निर्वाचनमा राजनीतिक दल र भोटमात्र नभइ निर्वाचनका अन्य मुद्धामा पनि लेख्ने बताउँदै निष्पक्ष रिपोर्टिङ गर्ने प्रतिबद्धता जनाए । यस्तै रिना थापाले कार्यशाला फलदायी भएको भन्दै दुष्प्रचार हुनसक्ने जोखिमबाट सचेत भइ रिपोर्टिङ गर्ने बताइन् । कार्यशालामा २० जना पत्रकारको उपस्थिति रहेको थियो ।

# शैक्षिक सामाग्री वितरण



पोखरापत्र संवाददाता
पोखरा, ४ कार्तिक

लायन्स क्लब अफ पोखरा बरपिपल चौतारीले स्याङ्जा पुतलीबजार नगरपालिका १३ मा रहेको रानिथुम्का आधारभुत विद्यालयमा विहीवार शैक्षिक सामाग्री वितरण गरेको छ ।

पुतलीबजार नगरपालिका वार्ड न १३ का वडा अध्यक्ष जुद्ध वहादुर थापाले कार्यक्रम शुभारम्भ गरेका थिए । लायन्स क्लब अफ पोखरा बरपिपल चौतारीका अध्यक्ष विजय सुवेदीको अध्यक्षतामा भएको कार्यक्रममा जोन घ जोन चियरपर्सन बिना पाइजा ,विद्यालय व्यवस्थापन समिति अध्यक्ष भक्त बहादुर अधिकारी , विद्यायल प्र अ सुर्य कान्त रेग्मीको उपस्थितिमा कार्यक्रम भएको थियो। विद्यालयको समस्या पहिचान गरि कम्प्युटर शिक्षा आवश्यक देखिएको साथै केही जेहेन्दार विद्यार्थीलाई हौसला स्वरुप शैक्षिक सामाग्री वितरण गरिएको चौतारीका अध्यक्ष सुबेदीले बताए। बरपिपल चौतारका क्लबका सदस्य तथा लेकसिटी कलेजमा पत्रकारिता अध्ययनरत स्मृति काफ्लेले कार्यक्रम संचालन गरेकी थिइन ।

# ५४ मा कोरोना संक्रमण

रासस
काठमाडौं, ४ कार्तिक

देशभर शुक्रबार कोरोना भाइरसको सङ्क्रमण ५४ जनामा देखिएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शुक्रबार गरेको नियमित बुलेटिनमा दुई हजार चार सय ८० परीक्षणमध्ये सो सङ्ख्यामा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएको छ । ५४ जना कोरोना भाइरसबाट स्वास्थ्य लाभ लिई घर फर्किएका छन् ।

अहिलेसम्म नौ लाख ८७ हजार छ सय ३४ जना उपचारपछि घर फर्किसकेको मन्त्रालयले जनाएको छ। निको हुने प्रतिशत ९८ दशमलव सात प्रतिशत रहेको छ । विगत २४ घण्टामा कोरोना भाइरसविरुद्धको खोप ३५ हजार एक सय ९४ जनाले लगाएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

# सहकारी प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, ४ कार्तिक



विद्यमान तरलता अभाव र सहकारी तथा वित्तीय संघ संस्थाहरुले भोगनुपरेका समस्या लगायतका विषयलाई लिएर यस क्षेत्रमा रहेका विभिन्न सहकारी संस्थाहरुका लागि विहिवार लेखनाथ उद्योग वाणिज्य संघको आयोजनामा सहकारी प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो ।

जिल्ला बचत तथा ऋण सहकारी संघ कास्कीका निवर्तमान अध्यक्ष एवं सहकारी कर्मी सुदिप ढकालले सहकारीको महत्व, सहकारीले अवका दिनमा गर्नुपर्ने काम र संचालक समिति र व्यवस्थापकले खेल्नुपर्ने भुमिकाका बारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।


करिब ६० सहकारीका अध्यक्ष, प्रतिनिधि र व्यवस्थापकहरुको उपस्थिति रहेको सो प्रशिक्षण कार्यक्रममा संबृद्धि बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष एवं लेखनाथ उद्योग वाणिज्य संघका पुर्व अध्यक्ष सुमन भट्टराईले प्रशिक्षण अति फलदायि भएको र यस्ता किसिमका कार्यक्रमहरु जो व्यवसायी, तथा सदस्यहरुका लागि उपलब्धीमुलक हुन्छन् संघले आगामी दिनमा निरन्तरता दिदै जानुपर्ने बताउनुभएको थियो। त्यसैगरि पोखरा महानगरपालिका सहकारी महाशाखा समितिका अध्यक्ष रविरमण तिवारीले सहकारीहरुहरुलाई सुव्यवस्थित बनाउन आफू लागिपरेको बताउनुहुदै सहकारी क्षेत्रमा यस्ता उतावचढाव धेरै आउछन् र यसबाट विचलित नभई सामाजिक परिवर्तनका लागि सबै आर्थिक सामाजिक विकासका लागि लाग्नुपर्नेमा जोड दिनुभएको थियो ।

लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष छत्रधर आत्रेयको सभापतित्वमा आयोजना गरिएको प्रशिक्षण कार्यक्रममा संघका निवर्तमान अध्यक्ष बलराम ढकाल, पूर्व अध्यक्ष बाबुराम गिरी, लक्ष्मीप्रसाद त्रिपाठी, कृष्णहरि भण्डारी, पोखरा उवा संघका प्रतिनिधि लगायत सहकारी संस्थाका अध्यक्ष, प्रतिनिधि र व्यवस्थापकहरुको उल्लेख्य उपस्थिति रहेको सो कार्यक्रम संचालन महासचिव उपेन्द्रराज सुवेदी (राजु)ले गर्नुभएको थियो।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै बिन्ति गरुन् भुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना

जन्मः
वि.सं. २००९/१२/१२



स्वर्गारोहण :
२०७९/०६/२४

स्व. चन्द्र गोपाल पौडेल

श्री जनकल्याण समिति पोखरा–१३ का आजीवन सदस्य नारायण प्रसाद पौडेल, निरु पौडेल हाम्रा शुभेच्छुक राधा देवी, विष्णु माया, बासुदेव, गोविन्द, बुहारीहरु लक्ष्मी र सृष्टि, छोरी गायत्री, ज्वाइँ ध्रुव अधिकारीका माया ममता र स्नेहका खानी प्रातः स्मरणीय पति, पिता, ससुराबुवा स्वर्गीय **चन्द्र गोपाल पौडेल**को मिति २०७९ साल आश्विन २४ गते राती १० बजेको समयमा साबिक काहूँ गा.वि.स.–८, हाल पोखरा महानगरपालिका–११ आफ्नै निवास मचारीमा असामयिक निधन भएकोमा हामीहरु भावविह्वल भएका छौं । यो दुखद घडीमा दिवंगत आत्माको चिर शान्ति र बैकुण्ठ बासको कामना गर्दै शोकाकुल परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त हुन सकोस् भन्ने कामनाका साथ आज १३ औं दिनको पुण्य तिथिमा भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

गोविन्द प्रसाद आचार्य — महासचिव
एवं
देवराज बराल — अध्यक्ष

## श्री जनकल्याण समिति परिवार


पोखरा–१३, शिद्धको स्थान



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै बिन्ति गरुन् भुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक श्रद्धाञ्जली

जन्मः
वि. स. २००९/१२/१२ गते



स्वर्गारोहणः
वि.स. २०७९/०६/२४ गते

स्वः चन्द्र गोपाल पौडेल

हाम्रा प्रात स्मरणीय आदरणीय पति **चन्द्र गोपाल पौडेल** को ७० वर्षको उमेरमा ब्रह्मलीन हुनु भएकोमा हामी मर्माहत एवं स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति तथा बैकुण्ठवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा हामीप्रति श्रद्धाभाव राखि सहानुभूति एवं समवेदना प्रकट गर्नुहुने सम्पूर्ण ईष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ संस्था एवम् शुभचिन्तकहरुप्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

श्रीमतीः राधा देवी पौडेल
विष्णु माया पौडेल
एवम् समस्त पौडेल परिवार पोखरा–११, कास्की

पुनश्चः मिति २०७९ कार्तिक ५ गते शनिबार आयोजित शुद्धाशुद्धि कार्यक्रममा सहभागी भई प्रसाद ग्रहणको लागि उपस्थित भइदिनुहुन इष्टमित्र कुलकुटुम्ब, बन्धुबान्धव विभिन्न संघसंस्था सबैमा हार्दिक अनुरोध गर्दछौं । समयः बिहान ९: ०० बजेदेखि स्थानः पोखरा–११